DENVER PUBLIC SCHOOLS
Discover a World of Opportunity™

Google Apps for Education

डिपिएसका आमावावुहरु तथा अभिभावकहरु,

डेनभर पव्लिक स्कूल्सले अहिले शिक्षकहरु, कर्मचारीहरु तथा विद्यार्थीहरुका निम्ति शिक्षाको *लागि गुगल एप्सको शक्ति (पावर अफ गुगल एप्स फर एजुकेशन)* उपलब्ध गराएको कुरा घोषणा गर्न पाउदा हामीलाई गौरव लागेको छ। सहकार्य (गुगल डक्स), संचार (जिमेल) तथा अनलाइन फायल स्टोरेज (गुगल ड्राइभ) जस्ता औजारहरु प्रदान गरेर यसले कक्षा कोठाहरुमा सघाउँदछ। आफ्नो विद्यार्थीले नलिने भनी तपाईले नभन्नु भएको अवस्थामा वाहेक सवै विद्यार्थीहरुलाई २०१३–२०१४ का शैक्षिक वर्ष देखि शुरु हुने गरी स्टुडेन्ट गुगल एकाउन्ट प्रदान गरिने छ।

**<u>यसको तात्पर्य के हो</u>**
यसको तात्पर्य विद्यालयहरुलाई कक्षाको कार्य र संचारका लागि गुगल एप्सको प्रयोग गर्ने विकल्प हुनेछ भन्ने हो। विद्यार्थीहरुलाई डिस्ट्रिक्टले सुरक्षित गुगल एकाउन्ट दिने छ । जब उनीहरुको बिधालय यी एकाउन्टहरुलाई प्रयोग गर्न तयार हुन्छन् त्यस पछि सो कुराको जानकारी आमावावुहरुलाई दिइने छ र गुगल एप्स प्रयोग गर्नका लागि विद्यार्थीहरुलाई तालिम दिइने छ।

**<u>यो काम कहिले हुन्छ ?</u>**
यो प्रणाली मिलाउनका लागि डिस्ट्रिक्टका कर्मचारीहरुले २०१३ को समरमा काम गर्नेछन्। विद्यालयहरुले शैक्षिक वर्षको शुरुमा एकाउन्टहरुमा पहुच दिने काम थाल्ने छन् र यो सेवाको प्रयोग गर्न थाले पछि उनीहरुले आमावावुहरुलाई त्यस्को जानकारी गराउने छन्।

**<u>आमावावुहरुले के गर्नुपर्दछ ?</u>**
यस वारेमा वढी जानकारी पाउनका लागि आफ्नो विद्यार्थीको विद्यालयबाट पठाईने जानकारीलाई पर्खनुहोस। त्यही विचमा तपाईले शिक्षाको लागि गुगल एप्सको महत्ववारे वढी कुरा यहाँवाट जान्न सक्नुहुनेछ : http://tinyurl.com/WhyGoogleDPS डिपिएसको गुगलको वारेमा वढी जानकारी लिन र अक्सर गरेर सोधिने प्रश्नहरुको जवाफहरु पाउन तल हेर्नुहोस।

**<u>मैले यो सेवा कसरी नलिन सक्छु ?</u>**
तपाईको बिधार्थीलाई दिइएको गुगल एकाउण्टको प्रयोग उनलाई गर्न दिन यदि तपाई चाहनु हुदैन भने दर्ता सम्वन्धी फाराममा भएको आमावावुको *अनुमति र छुटकारा सम्वन्धी* खण्ड (सामान्यतया *प्यारेन्ट पर्मिशन फर्म* भनिने) फारामको कोठामा चिन्ह लगाएर आफ्नो विद्यार्थीलाई यस सेवा लिनवाट वाहिर राख्न तपाई सक्नुहुन्छ।

Gmail Calendar Drive Docs Sheets Slides Sites

**<u>आमाबाबु/अभिभावकहरुले अक्सर गरेर</u>**
**<u>सोध्ने प्रश्नहरु तथा जवाफहरु</u>**

## एकाउन्ट सम्वन्धी सामान्य प्रश्नहरु

**प्रश्न १: डिपिएस गुगल एकाउन्ट जिमेल एकाउन्ट भन्दा कसरी फरक छ ?**

*उत्तर १: हाम्रो डिपिएस गुगल डोमेनले शैक्षिक संस्थाहरुलाई उपयुक्त हुने गुगल सर्भिसहरु मात्र प्रदान गर्दछ। डिपिएस गुगल डोमेनमा सार्वजनिक गुगल एकाउन्टमा उपलब्ध हुने केहि औजार (टुल) हरु उपलब्ध हुने छैनन्। यसको अतिरिक्त, डिपिएस गुगल एकाउन्टमा गरिने लगिँन सार्वजनिक गुगल एकाउन्ट (जिमेल) मा प्रयोग गरिने लगिँन भन्दा भिन्न लगिँन पेज मार्फत गरिनेछ।*

**प्रश्न २: डिपिएस गुगल एकाउन्टको इमेल ठेगानामा के म आफ्नो वच्चालाई इमेल गर्न सक्छु ?**

*उत्तर २: - हो सक्नुहुन्छ।*

**प्रश्न ३: के मेरो विद्यार्थीले डिपिएस गुगुल एकाउन्ट नभएका परिवारका सदस्यहरुलाई वा साथीहरुलाई इमेल पठाउन सक्दछ ?**

*उत्तर ३: हो सक्दछन्।*

**प्रश्न ४: के आमावावुहरुले डिपिएस गुगल एकाउन्ट पाउन सक्दछन् ?**

*उत्तर ४: अहिले यो उपलब्ध छैन। ब्यक्तिगत गुगल एकाउन्ट बनाउनको लागि https://accounts.google.com/SignUp मा जानुहोस्।*

**प्रश्न ५: के म आफ्नो वच्चाको गुगल डकुमेन्ट (दस्तावेज) हरु हेर्न सक्छु ?**

*उत्तर ५: हो, सक्नुहुन्छ। तपाईको वच्चाले उक्त डकुमेन्टलाई "सेयर" अपसन अन्तरगत सेयर (वाडचुड) गर्नुपर्दछ वा सेयर अपसन भित्रैबाट उनीहरुले कसैसगँ लिङ्कद्वारा ती डकुमेन्टलाई उपलब्ध गराउन सक्नेछन्।*

**प्रश्न ६: यदि मेरो बच्चाले गुगल एकाउन्टको दुरुपयोग गरेमा त्यसको परिणाम केही हुन्छ ?**

*उत्तर ६: हुन्छ, बच्चाको बिधार्थी गुगल एकाउन्ट एउटा सहुलियत हो र यदि यसलाई दुरुपयोग गरिएमा, प्रयोग गर्ने सुबिधा फिर्ता लिइने छ।*

**प्रश्न ७ : मैले घरमा गुगल च्याटको प्रयोग गरिराखेको छु। किन मेरो बिधार्थीले यसलाई प्रयोग गर्न सक्दैन ?**

*उत्तर ७: अहिले बिधार्थीको लागि गुगल च्याटलाई निष्कृय गरिएको छ जसबाट डिस्ट्रिट भरीनै यस्को प्रभावकारीता तथा उपयोगीताको मूल्याँकन हामीले गर्न सक्ने छौ।*

## विद्यालय भन्दा वाहिर गरिने पहुचको वारेमा प्रश्नहरु

**प्रश्न ८: के मेरो वच्चाले विद्यालय भन्दा वाहिर पनि आफ्नो डिपिएस गुगल एकाउन्टको प्रयोग गर्न सक्दछ ?**

*उत्तरु ८: हो सक्दछन्, सपोर्टेड ब्राउजर भएको विन्डोज, म्याक वा क्रोमवुक कम्प्यूटरवाट साथै इन्टरनेटको पहुँच भएको ठाउँवाट सो गर्न सक्दछ।*

**प्रश्न ९: के मेरो विद्यार्थीले आफ्नो स्मार्ट फोनवाट आफ्नो डिपिएस गुगल एकाउन्टमा पहुँच लिन सक्दछन् ?**

*उत्तर ९: हो सक्दछन्, यसले काम गर्नेछ तर डिस्ट्रिक्टले यसका लागि अहिले डकुमेन्टेशन वा सपोर्ट प्रदान गर्ने छैन।*

**प्रश्न १०: मेरो घरमा इन्टरनेट छैन र मेरो विद्यार्थीको लागि के कस्ता स्रोतहरु उपलब्ध हुन्छन् ?**

*उत्तर १०: दुर्भाग्यवस, इन्टरनेट भएको ठाउँवाट मात्र डिपिएस गुगल डोमेनमा पहुच लिन सकिन्छ। तपाईको घरमा इन्टरनेटको पहुच नभएसम्म तपाईको वच्चाले आफ्नो गुगल एकाउन्टमा अन्तरक्रिया गर्न सक्दैनन्। पुस्ताकालयहरु र केही*

*रेष्टुराहरु जस्ता सार्वजनिक ठाउँहरुले ताररहित (वाएरलेस) इन्टरनेटमा निशुल्क सम्पर्क कायम गर्न दिन्छन् जसबाट तपाईको विद्यार्थीलाई यसमा पहुच लिन सक्नेछन् । कमकास्टबाट कम शुल्क लाग्ने इन्टरनेट सेवा उपलब्ध छ । बढी जानकारीको लागि कृपया* htttp://www.internetessentials.com *हेर्नुहोस् ।*

**प्रश्न ११: मेरो बिधार्थीको स्कूल नचलेको समयमा उस्को डिपिएस गुगल एकाउन्टमा समस्या देखिएको छ, त्यसकालागि उनीहरुले कसलाई सर्म्पक गर्न सक्दछन् ?**

*उत्तर ११: दुर्भाग्यबस, डिपिएसले बिधालय नलागेको बेलामा सहयोग प्रदान गर्न सक्दैन । उनीहरुले समस्याहरु शिक्षकलाई वताउनका लागि विद्यालय पुगुन्जेल सम्म पर्खनु पर्दछ । अनि यी कुराहरुलाई शिक्षकले विद्यालयको प्राविधिक प्रतिनिधिलाई वताउने छन् र उनीहरुले समस्यालाई सम्वोधन गर्ने छन् ।*

## गुगल एकाउन्ट लिन नचाहने सम्वन्धमा प्रश्नहरु

**प्रश्न १२: यस सेवावाट मेरो विद्यार्थीलाई वाहिर राख्न चाहेमा सो कुरा म कसरी  गर्न सक्दछु ?**

*उत्तर १२: यदि तपाईको विद्यार्थीलाई दिइएको डिपिएस गुगल एकाउन्टको प्रयोग गर्न उनलाई तपाई दिन चाहनु हुन्न भने, वच्चालाई भर्ना गर्नेका लागि भरिने दर्ता फाराममा भएको विद्यार्थीको इमेल एकाउन्ट नलिने सम्वन्धी खण्ड (अप आउट) लाई भर्नुहोस वा त्यसका लागि आफ्नो विद्यालयका सेक्रेटरीलाई अनुरोध गर्नुहोस ।*

**प्रश्न १३: आफ्नो विद्यार्थीले विद्यालयमा इन्टरनेटको पहुच नलिने कुरा मैले भनेको छु । के मेरो विद्यार्थीले आफ्नो डिपिएस गुगल एकाउन्टमा महुच लिन सक्दछन् ?**

*उत्तर १३: दुर्भाग्यवस, इन्टरनेटलाई प्रयोग गरिएको वेलामा मात्र डिपिएस गुगल डोमेनमा पहुच लिन सकिने हुँदा डिपिएस जिमेल, गुगल डक्स वा डिस्ट्रिक्टको नाताले हामीले प्रदान गरेको अन्य गुगल टुल (औजार) हरुको प्रयोगमा तपाईको वच्चा सहभागी वन्न सक्दैनन् ।*

**प्रश्न १४: आफ्नो विद्यार्थीले गुगल एप्समा पहुँच नलिने कुरा मैले भनेको छु । के आफूलाई दिइएको सवै काम फत्ते गर्न मेरो विद्यार्थी समर्थ होलान् ?**

*उत्तर १४: सवै विद्यार्थीहरुलाई समान शैक्षिक पहुच दिनमा डिपिएस प्रतिवद्ध छ । शिक्षाको निम्ति गुगल एप्सले विद्यार्थीहरु र शिक्षकहरुलाई संचारको लागि, सहकार्यको लागि पहुच प्रदान गर्दछ तथा विद्यार्थीहरुको संलग्नतालाई सुधार गर्दछ । लिन नचाहने आमाबाबुका वालवालिकाहरु वा अशक्तता भएका विद्यार्थीहरुले गुगल एप्सको प्रयोग गर्न उनीहरुलाई रोक्ने हुँदा त्यस्ता वालवालिकाहरु वा विद्यार्थीका निम्ति वैकल्पिक योजना सहितको गुगल एप्सको पाठ तयार गर्नका लागि शिक्षकहरुलाई प्रोत्साहित गरिन्छ ।*

## सुरक्षा सम्वन्धी प्रश्नहरु

**प्रश्न १५: मेरो वच्चाको डिपिएस गुगल एकाउन्टको इमेलमा अनुपयुक्त शव्दहरु, तस्वीरहरु आदि रहन नदिनका लागि त्यसलाई फिल्टर गरिन्छ (छानिन्छ) । उसले विद्यालय वाहिरवाट इमेल पठाउने/प्राप्त गर्ने काम गरेको वेलामा पनि के उसको इमेललाई फिल्टर गर्ने काम गरिन्छ ?**

*उत्तर १५: हो, ग्यागल.नेटको हुमन मनिटरिङ सिष्टम (मानवीय अनुगमन प्रणाली)* (http://tinyurl.com/GaggleHMS) *ले टेक्ट्स (सन्देश), आकृति (इमेज) हरु तथा सामाग्रीको उपयुक्ततालाई सुनिश्चित गर्न डिपिएस गुगल डोमेनमा आउने र यसवाट वाहिर जाने सवै इमेलहरुलाई फिल्टर गर्ने काम गर्दछ ।*

**प्रश्न १६: आपत्तिजनक सामाग्री प्राप्त हुन नसकोस् भन्ने कुरालाई सुनिश्चित गर्न मेरो विद्यार्थीको डिपिएस जिमेललाई फिल्टर गरिने र अनुगमन गरिन्छ । के सोही कुरा अन्य गुगल एप्समा पनि गरिन्छ ?**

*उत्तर १६: गरिदैन । हाललाई जिमेल वाहेक अरु एप्समा फिल्टर गर्ने कुरा उपलव्ध छैन । अन्तरवस्तुको अनुगमन गर्नका लागि शिक्षकहरु नै जिम्मेवार हुन्छन् र यी टुल (औजार) हरुको प्रयोग एउटा असल डिजिटल नागरिक वन्न सिक्नका लागि विद्यार्थीहरुमा नै हामी भर पर्नेछौं ।*

**प्रश्न १७: आफ्नो डिपिएस गुगल एकाउन्टमा पहुच लिने वेला के मेरो विद्यार्थीले विज्ञापनहरु देख्दछन् ?**

*उत्तर १७: अहँ देख्दैनन्, जुन वेला विद्यार्थीले डिपिएस गुगल एकाउन्टमा लग गरिराखेको हुन्छन्, त्यस वेला डिपिएस गुगल डोमेन भित्र उसले विज्ञापनहरु देख्ने छैनन ।*

**प्रश्न १८ः साइबर वुलिङ (साइवरवाट निमुखालाई धम्क्याउने तर्साउने काम) लाई रोक्न के कस्ता कदमहरु अपनाइएका छन् ?**

*उत्तर १८: डिपिएसले डिजिटल सिटिजेनसिप प्रोग्राम (आङ्किक नागरिक कार्यक्रम) लाई वहाल गरेको छ । यसले कमन सेन्स मिडियाद्धारा विद्यार्थी अनलाइन सम्वन्धी सुरक्षाको कुरालाई तथा साइवर वुलिङ सम्वन्धी कुरालाई सम्वोधन गर्दछ । व्राएन डिनो (brian_dino@dpsk12.org) डिपिएसको कमन सेन्स मेडिया प्रतिनिधि हो र कार्यक्रमलाई यसले कसरी हस्तान्तररीत वनाउछ भन्ने वारे र हाम्रा वालवालिकाहरुलाई कसरी सुरक्षित राख्ने भन्ने वारे आमावावुहरुसंग, शिक्षकहरुसंग र विद्यार्थीहरुसंग कुराकानी गर्नका लागि उहाँ उपलव्ध हुनुहुन्छ ।*

**प्रश्न १९: के आफ्नो डिपिएस गुगल एकाउन्टलाई प्रयोग गरेर मेरो वच्चाले गुगल साइट वनाउन सक्दछन् ?**

*उत्तर १९: अहँ सक्दैनन् । कही विद्यार्थीहरुलाई साइट वनाउन दिइने र/वा साइटमा भएका पानाहरुलाई सम्पादन गर्न उनीहरुलाई दिइने भए पनि साइट वनाइ दिन र त्यसलाई नियन्त्रण गर्न शिक्षकहरुले मात्र गर्न सक्दछन् । कहि उक्त साइटलाई सार्वजनिक गर्ने कुरा पनि शिक्षकहरुले नियन्त्रण गर्दछन् ।*

**प्रश्न २०: के आफ्नो डिपिएस जिमेल एकाउन्टबाट मेरो विद्यार्थीले घरमा प्राप्त गर्ने इमेलमा भाइरस रहने जोखिम हुन सक्दछ जस्ले हाम्रो घरको कम्प्यूटरलाई संक्रमित गर्न सक्दछ ?**

*उत्तर २०: भाइरस र अन्य मालवेरवाट तपाईको घरको कम्प्यूटरलाई संक्रमित पार्न सक्ने खतरा सदा रहन्छ । यद्यपी त्यसको लागि तपाईको विद्यार्थीले मालिसियस लिङ्कमा क्लिक गरेको हुनु पर्दछ । यस्ता कामहरु गर्ने कुरालाई टार्न विद्यार्थीहरुले सुरक्षित ढंगले कम्प्यूटर चलाउने कुराको अभ्यास गर्नुपर्दछ ।*

**थप प्रश्नहरु**

**प्रश्न २१: मसंग अरु प्रश्नहरु पनि छन्, तिनका लागि मैले कोसंग सम्पर्क गर्ने ?**

*उत्तर २१: तपाईको विद्यार्थीको शिक्षकले तपाईका अधिकाँश प्रश्नहरुको जवाफ दिन सक्नेछन् र उनीहरुले जवाफ दिन नसकेको प्रश्नहरुको जवाफ दिनको लागि जवाफ दिन सक्ने स्रोत व्यक्ति कहाँ पठाइने छ ।*

**प्रश्न २२: मेरो वच्चाको पहिले देखि नै व्यक्तिगत जिमेल एकाउन्टमा भएमा के हुन्छ । के उसले डिपिएस एकाउन्टको सट्टा त्यस एकाउन्टलाई प्रयोग गर्न सक्दछ ?**

*उत्तर २२: अहँ सक्दैनन् । विद्यार्थीहरुले गुगल ड्राइभ डकुमेन्टहरु आफ्नो डिपिएस एकाउन्टमा मात्र सेयर (वाडचुड) गर्न सक्दछन्, तर पठनपाठनका निम्ति हाम्रो डिपिएस एप्सलाई पूर्ण सदूपयोग गर्न उनीहरुले आफ्नो डिपिएसको एकाउन्टलाई प्रयोग गर्नुपर्ने छ ।*